# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं पौष ४ गते २०११ साल

## भाग ५

## शिक्षामन्त्रालयको सूचना।

१४७२

१०—८—०११

( निजामती प्रथम र मध्यम परीक्षाको दरखास्त खुल्नेबारे )

सम्बत् २०११ साल कार्तिकका पटकमा खोल्नुपर्ने निजामती परीक्षाहरूको निम्ती नयाँ व्यवस्था मिलाउनुपर्ने भएकोले उक्त दरखास्तहरूमा तल लेखेबमोजिमको प्रबन्ध भएकोले निम्न लिखितबमोजिमको सूचना प्रकाशित गरिएको छ।

### प्रथम परीक्षाको दरखास्त दिनेहरूलाई

१. पौष २० गते मंगलबारदेखि माघ ५ गते मंगलबार तक त्यसै र।
२. अनि माघ ६ गते बुधबारदेखि १२ गते मङ्गलबारसम्म दिन १ को ।८ आठ पैसा बढीको दरले जरिवाना भई दरखास्त दर्ता हुनेछ।



963

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मोफसलका मठी, गौंडा, गोस्वारामा सो दरखास्त दर्ता गर्ने म्याद आषाढ मसान्ततक मात्र हुनाले अब सो दरखास्त उक्त ठाउँहरूमा दर्ता हुन नसक्ने भई सदर पास जाँच अड्डामा नै दर्ता गर्नुपर्दछ।

## मध्यम परीक्षाको दरखास्त दिनेहरूलाई

४. पौष २५ गते रविवारदेखि माघ १० गते रविवारतक त्यसै र—

५. अनि माघ ११ गते सोमवारदेखि १७ गते रविबारसम्म दिन १ को ।१६ सोऱ्ह पैसा बढीका दरले जरिवाना भई दर्ता हुन सक्छ।

६. उपरोक्त म्यादहरू नाघेपछि कुनै हालतमा पनि दरखास्त दर्ता हुनेछैन।

७. संस्कृतमा मध्यम परीक्षा वा अंग्रेजीमा एस्. एल्. सी. उतीर्ण गरेकाले ऐन स्रेस्ता एक विषय मात्र दिए हुन्छ। तर उक्त विषयमा उतीर्ण भएका विषयहरूको रीतपूर्वकको प्रमाणपत्र पेश गर्न सक्नुपर्छ।

८. आधार शिक्षातर्फ पंचम श्रेणी पास गरेका र सरकारबाट स्वीकृत भएका अँग्रेजी स्कूलहरूमा सातौं क्लास पास गरी आठौं श्रेणीमा कमसेकम लगातार वर्ष दिन—सम्म पढेका छात्रहरूले लेख र ऐन स्रेस्ता दुइ विषय मात्र दिन पाउछन्। तर उक्त विषयमा पनि ७ दफाबमोजिमको प्रमाण पत्र पेश गर्न सक्नुपर्दछ।

९. बहालवाला तहविलदारहरूले तहविल्दारी पास दिई पास भइसकेको भए त्यस-बाट बाँकी अरु तीन विषयको जांच दिई मध्यम पूर्ण गर्न पाउँछन्।

१०. दरखास्तमा लेख्नुपर्ने कुराहरू लेख्दा दरखास्तको दोश्रो पृष्ठको भनी शंका लागेमा गराउने रेखात्मक सहिछाप भन्ने ठाउँमा र त्यसैको दायाँतिर बषय विषयको जाँचको दिन लेखात्मक सहिछाप गर्ने कोठाहरूमा अगिबाटै लेखी सहिछाप गर्न हुन्न। ती ठाउँमा लेखी सहिछाप गरी ल्याएका दरखास्त दर्ता गरिनेछैनन्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. फाराम नम्बर ३५६२ सम्म पुगेकाले दुवै मेलको दरखास्त दर्ता गराउनु पर्छ भुक्याई एक मेलको मात्र दरखास्त दर्ता गराएमा पछि सजायमै ऐन सवालबमोजिम हुनेछ।

१२. निजामती मध्यम परीक्षाकोदरखास्त दर्ता गराउने जवानहरूले फोटो एक प्रतिसाथ दरखास्त दाखिल गर्नुपर्छ। फोटो हालैको नयाँ, सफा आफ्नो अनुहार स्पष्ट मिलेको र क्वाटर साइजको हुनुपर्छ। यसदेखि भिन्न किसिमको फोटो र फोटोसाथ नभएको दरखास्त दर्ता हुनेछैन। फोटो खिच्ने साधन नभएको मोफसलहरूबाट मध्यमको दरखास्त पठाउनेहरूले सदरमा जाँच दिन आएपछि जाँच दिन आएपछि जाँच सुरु हुने ३तीन दिन अगाडि सम्म अड्डामा फोटो दाखिल गर्नुपर्छ। अड्डामा फोटो दाखिल नगर्नेलाई जाँचमा बस्न दिइनेछैन।

१३. माथि लेखिएबमोजिम दरखास्त दर्ता गर्दा दिउसो ११ बजेदेखि ३ बजेतक दर्ता हुनेछ दरखास्त दर्न चाहनेले समयमा नै आएर दर्ता गर्नुहोला आखिरीको दिनमा समेत ३ बजेपछि दर्ता गरिनेछैन। तसर्थ अगिबाटै दरखास्त दर्ता गरिहाल्नु बेस छ। व्यर्थमा कचकच गर्नु वा जरिवाना तिर्नु उचित होइन।

१४. मध्यम परीक्षाको दरखास्त दिनेहरूले मोफसलका गढी, गौंडा, गोस्वारा बाहेक हाल उक्त परीक्षाको खुलेका सेन्टर (केन्द्र) पालपा, धनकुटा, वीरगञ्ज, विराटनगरमध्ये आफूलाई पाहेक पर्ने उक्त केन्द्रहरूमध्ये जुन ठाउँमा आफूलाई पाहेक पर्ने हो, परीक्षा दिने केन्द्रको नाम खोली दरखास्तमा पहिले नै लेख्नुपर्दछ।

१५, माथि उल्लेख गरेबमोजिमको निजामती प्रथा र मध्यमपरीक्षाको दरखास्त दिई जाँच दिन महिलाहरूले पनि पाउनेछन्।

आज्ञाले —

रामप्रसाद

सेक्रेटरी — शिक्षामन्त्रालय.

९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।